


# अध्याय -९

## प्रभुको नाउँमा आउने उहाँ धन्यका हुनुहुन्छ

यस अध्यायका मुल पदहरूः भजन २३; यूहन्ना १०:११-१५; भजन २२; भजन ८९:२७-३२; कलस्सी १:१६; भजन २ र हिब्रू ७:२०-२८।

यस अध्यायको मुल सार पदः *"जुन ढुङ्गालाई भवन निर्माण गर्नेहरूले रद्द गरे त्यहीचाहिँ कुनाको शिर-ढुङ्गो बन्यो, यो परमप्रभुबाट भएको हो, अनि हाम्रो दृष्टिमा आश्चर्यमय छ।" भजन ११८:२२-२३।*

प्रभु येशूको व्यक्तित्व र सेवाकार्यको बारेमा भजनसङ्ग्रहले अग्रिम गवाही दिन्छ। मुक्तिको योजनामा उहाँले गर्नुहुने सबै कामका पक्षहरू भजनसङ्ग्रहमा कोरिएकाछन्। ख्रीष्टका जीवन र कामहरू विभिन्न तरिकाले भजनसङ्ग्रहमा भविष्यवाणी गरेका छन् र उहाँका चित्रणहरू ठ्याक ठ्याक मिलेको वा सटिक भएको अचम्म मान्नुपर्दछ।

भजनको पुस्तकमा येशूको बारेमा विभिन्न चित्रणहरू गरेका छन्। उहाँका परमेश्वरीय चरित्र, उहाँ परमेश्वरको पुत्र हुनुभएको, उहाँको आज्ञाकारीता, परमेश्वरको मन्दिरमा उहाँले देखाउनुभएको जोश, उहाँ असल गोठालोको रूपमा परिचित हुनुभएको, उहाँलाई गरेको विश्वासघात, उहाँको कष्ट, उहाँका हाडहरू नभाँचिएको, उहाँको मृत्यु, उहाँको पुनरुत्थान, उहाँ स्वर्गमा उक्लिनुभएको, उहाँको पुजारीपन र उहाँको राजकीय अधिकार जस्ता विषयवस्तुहरू भजनमा समावेश भएका छन्। येशू ख्रीष्ट मानव अवतार भएर

आउनुभएको धेरै शताब्दी अघि नै उहाँको जीवन कहानी भजनसंग्रहमा कोरिएको थियो।

उहाँको पुनरुत्थान पछि इम्मायुसको बाटोमा चेलाहरूलाई भेट्दा उहाँले आफ्नो सेवाकार्यलाई भजनसंग्रहमा नै लेखिएको थियो भनेर औंल्याउनुभएको थियो (लूका २४:४४)। उहाँको हुनुहुन्छ त्यसको प्रमाण भजनसंग्रहमा नै खोज्न तिनीहरूलाई भन्नुभएको थियो। कतिपय भजनहरूले उहाँका प्रतीकहरू औंल्याएका पूरा भएको देखाएका थिए। तिनीहरूमा भजन २४,४५,७२ र १०१ छन्। उहाँ आदर्श राजा र न्यायकर्ता हुनुहुन्छ भनेर यी भजनहरूमा उल्लेख गरेका छन्। भजन ८८ र १०२मा दुःखमा परिरहेको परमेश्वरको सेवकका प्रार्थनाहरू समावेश भएका छन्।

भजनसंग्रहभरि भजनका लेखकहरूका बिलापहरू, धन्यवादका वचनहरू, परमेश्वरका स्तुतिप्रशंसाहरू र न्याय र उद्धारको निम्ति चित्कार गरेका भावनाहरू लेखिएका छन्। तिनीहरूमा यस संसारको मुक्तिको निम्ति ख्रीष्टका प्रार्थनाहरू प्रतिध्वनी गरिएको पाउँछौं।

## १. स्वेच्छाले बलि हुनुभएको ईश्वरीय गोठालो

**देहायका भजनहरूमा प्रभु र उहाँका जनहरूको बीचमा भएको सम्बन्धलाई कसरी चित्रण गरिएका छन्? हेर्नुहोस्, भजन २३ " १ परमप्रभु मेरा गोठाला हुनुहुन्छ, मलाई केही कुराको अभाव हुँदैन। २ उहाँले मलाई हरियो खर्कमा लेटाउनुहुन्छ, र मलाई शान्त पानीको छेउमा डोऱ्याउनुहुन्छ। ३ उहाँले मेरो प्राणलाई पुनर्जीवित पार्नुहुन्छ। उहाँले आफ्नो नाउँको खातिर मलाई धार्मिकताको मार्गमा डोऱ्याउनुहुन्छ। ४ मृत्युको अन्धकारमय घाटी भएर जानुपरे तापनि म कुनै खतरादेखि डराउनेछैनँ, किनकि तपाईं मेरो साथमा हुनुहुन्छ। तपाईंको लट्ठी र तपाईंको लहुरोले मलाई सान्त्वना दिन्छन्। ५ मेरा शत्रुहरूका सामुन्ने तपाईंले मेरो निम्ति भोज तयार पार्नुहुन्छ। तपाईंले मेरो शिर तेलले अभिषेक गर्नुहुन्छ, मेरो कचौरो भरिएर पोखिन्छ। ६ निश्चय नै तपाईंको भलाइ र करुणा मेरो जीवनभरि मपछि लाग्नेछ, र परमप्रभुको घरमा म सदासर्वदै वास गर्नेछु।", भजन २८:७-९ " ७ परमप्रभु मेरो शक्ति र मेरो ढाल हुनुहुन्छ, उहाँमा नै मेरो हृदयले भरोसा राखेको छ, र मैले सहायता पाएको छु। मेरो हृदय उल्लसित छ, र म भजनद्वारा उहाँलाई धन्यवाद चढ़ाउनेछु।**

**८ परमप्रभु आफ्ना जनहरूको शक्ति हुनुहुन्छ, र आफ्ना अभिषिक्त जनको निम्ति उद्धारको किल्ला हुनुहुन्छ।**

**९ तपाईंको प्रजालाई बचाउनुहोस्, र तपाईंको आफ्नो वंशलाई आशिष् दिनुहोस्। तिनीहरूका गोठाला बन्नुहोस्, र तिनीहरूलाई सदाकाल सँभाल्नुहोस्।", भवन ८०:१ " हे इस्राएलका गोठाला, कान थाप्नुहोस्, तपाईं, जसले योसेफलाई भेड़ाको बगाललाई झैं अगुवाइ गर्नुहुन्छ। तपाईं, जो करूबहरूका बीचमा विराजमान हुनुहुन्छ, प्रकाशमान् हुनुहोस्।" र भजन ७८:५२,५३ " ५२ तर उहाँले आफ्ना मानिसहरूलाई भेड़ाहरूलाई झैं बाहिर निकालिल्याउनुभयो, र उहाँले तिनीहरूलाई भेड़ाको बगाललाई झैं उजाड-स्थानको बिचबाट अगुवाइ गर्नुभयो। ५३ उहाँले तिनीहरूलाई सुरक्षासाथ डोऱ्याउनुभयो, यसैले तिनीहरू डराएनन्। तर तिनीहरूका शत्रुहरूलाई चाहिँ समुद्रले निल्यो।"**

प्रभु गोठालो र उहाँका जनहरू खर्कका भेडाहरू भन्ने चित्रणले परमेश्वरको अगुवाइ र हेरचाहलाई बुझाउँछ। उहाँका जनहरूका सबै आवश्यकता पूरा गर्न र सुरक्षित हुन उहाँमाथि नै भर पर्नुपर्छ। परमेश्वर गोठालो हुनुहुन्छ भन्ने चित्रणले उहाँका जनहरू र उहाँको बीचमा कस्तो घनिष्ठ सम्बन्ध भनेर सिकाउँदछ। गोठालो आफ्नो बगालसँग रहन्छ र प्रत्येक भेडाको हेरचाह उसले गर्दछ। हरियो चरणमा भेडाहरू चरेको चित्रणले आफ्नो बगालप्रति परमेश्वरको प्रभुत्व देखाउँछ र तिनीहरूको बिचमा बलियो बन्धन भएको देखाउँछ। त्यो बन्धन तिनीहरूलाई उहाँले सृष्टि गर्नुभएको (भजन ९५:६,७; भजन १००:३) र उहाँले तिनीहरूसँग करार बाँड्नुभएकोले कस्सिएको हुन्छ (भजन २८:९, हिब्रू १३:२१)।

गोठालोले आफ्नो बगाललाई जस्तै युसूफलाई डोऱ्याउनुभएको भएको थियो (भजन ८०:१)। यसले याकूबले युसूफलाई आशिष दिएको याद दिलाउँछ। परमेश्वर इस्राएलको गोठालो भनेर उनले चित्रण गर्दछन्। उहाँको महान् प्रतिज्ञा र उहाँले दिनु हुने आशिषहरूप्रति भरपर्न याकूबले युसूफलाई सुनाउँछन् (उत्पत्ति ४९:२४)।

जनताहरूको निम्ति राजाहरू गोठालाहरू हुन् भनेर पनि बाइबलमा चित्रण गरिएको छ (२ शमूएल ५:२)। तर वास्तविक रूपमा भन्ने हो परमेश्वर मात्र गोठालो भन्न योग्यको हुनुहुन्छ किनकि प्रायजसो मानवीय राजा र अगुवाहरू गोठालोको भूमिका सही र इमान्दारपूर्वक निभाएका थिएनन् र छैनन्

पनि। केवल येशू मात्र सत्य र मायालु गोठालो हुनुहुन्छ त्यसकारण उहाँलाई असल गोठालो भनेर सम्बोधन गरिएको छ।

**यूहन्ना १०:११-१५मा येशूले आफैलाई असल गोठालो भनेर किन सम्बोधन गर्नुहुन्छ? हेर्नुहोस्, "११ म असल गोठालो हुँ। असल गोठालाले आफ्ना भेड़ाहरूका निम्ति आफ्नो प्राण अर्पण गर्छ। १२ भाडाको मान्छेचाहिँ भेड़ाहरूको आफ्नै गोठालोजस्तो होइन। त्यसले त ब्वाँसालाई आएको देखेर भेड़ाहरूलाई छोडी त्यो भाग्छ, र ब्वाँसाले भेड़ाहरूलाई गाँजी लैजान्छ, र तितरबितर पारिदिन्छ। १३ त्यो भाग्छ, किनभने त्यो भाडाको मान्छे हो, त्यसले भेड़ाको केही वास्ता गर्दैन। १४ "म असल गोठालो हुँ, म आफ्ना भेड़ाहरूलाई चिन्छु, अनि मेरा भेड़ाहरूले मलाई चिन्छन्। १५ जसरी पिताले मलाई चिन्नुहुन्छ, म पितालाई चिन्छु, अनि म भेड़ाहरूका लागि आफ्नो प्राण अर्पण दिन्छु।"**

ईश्वरीय गोठालो र उहाँको बगालको बिचमा भएको घनिष्ठ र आत्मिय सम्बन्धलाई स्पष्ट रूपमा बुझाउन आफ्नो गोठालोका आवाजलाई भेडाहरूले कसरी चिन्दछन् भनेर देखाउँछ (यूहन्ना १०:४,२७)। अपरिचित मानिसको आवाजको पछि भेडाहरू लाग्दैन। **चर्ने क्रममा** एउटा गोठालोका भेडाहरू अरू भेडाहरूसँग मिसिन्छ। जब गोठालोले आफ्ना भेडाहरूलाई बोलाउँछ तब उसका भेडाहरू उसकहाँ आउन छुटिन्छ।

कतिपय समयमा परमेश्वरको बगालले विभिन्न थरीका दु:खकष्टहरू सहनुपर्ने हुन्छ। परमेश्वर तिनीहरूमाथि प्रशन्न नहुनुभएको र तिनीहरूलाई त्यागेको भनेर कतिले सोच्दछन्। तर बरालिएको भेडालाई असल गोठालोले कहिल्यै पनि त्याग्दैन र उसलाई नभेट्टाउँञ्जेल उसलाई खोज्दछ। आफ्ना जनहरूसँग परमेश्वरको सम्बन्धलाई जनाउने यो प्रभावकारी चित्रण हो। आफ्ना भेडाहरूको निम्ति उहाँ मर्न तयार हुनुहुन्छ (यूहन्ना १०:११)। तिनीहरूकै निम्ति उहाँ बलिको पाठो हुनुभएको थियो (यूहन्ना १:२९)। फेरि, अरू बगालमा भएका उहाँका भेडाहरूलाई उहाँले बोलाउनु हुनेछ भनेर येशूले जिकिर गर्नुहुन्छ ताकि विभिन्न बगालमा भएका भेडाहरू एकै ठाउँमा रहून् (यूहन्ना १०:१६)।

***येशू हाम्रो असल गोठालो हुनुहुन्छ भन्ने अवधारणालाई आत्मसात गर्नुभएको छ भने दैनिक जीवनमा कस्तो कस्तो व्यवहारले तपाईंले देखाउन सक्नुहुन्छ?***

## २. कष्ट पाउनुहुने मसीह

मानिसहरूको सेवा गर्न र तिनीहरूलाई उद्धार गर्न आउनुहुने मसीहलाई तिनीहरूले उहाँमाथि कस्तो व्यवहार गर त? हेर्नुहोस्, भजन २२ "१ हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभएको छ? मलाई बचाउनबाट तपाईं किन यति टाढ़ा हुनुहुन्छ? अनि मेरो करुण-क्रन्दनका शब्दहरूबाट त्यति टाढ़ा? २ हे मेरा परमेश्वर, दिनको समयमा म पुकार्छु, तर तपाईं उत्तर दिनुहुन्न। राती पनि म शान्त बन्दिनँ। ३ तापनि तपाईं परमपवित्र, सिंहासनमा विराजमान हुनुहुन्छ, तपाईं इस्राएलका प्रशंसा हुनुहुन्छ।

४ हाम्रा पुर्खाले तपाईंमा नै भरोसा राखेका थिए, तिनीहरूले भरोसा राखे, र तपाईंले तिनीहरूलाई छुटकारा दिनुभयो। ५ तपाईंमा तिनीहरूले पूकार गरे, र बाँचे। तिनीहरूले तपाईंमा भरोसा राखे, र निराश भएनन्। ६ तर म त एउटा कीरा मात्र हुँ, मानिस होइनँ, मानिसहरूद्वारा उपेक्षित, र लोकद्वारा तुच्छ गनिएको। ७ मलाई देख्नेहरू जति सबैले मेरो ठट्टा गर्छन्। तिनीहरू ओठ लेब्र्याउँछन्, र मुन्टो बटार्दै भन्छन्, ८ "त्यसले परमप्रभुमाथि भरोसा गर्दछ, त्यसलाई उहाँले नै छुटाऊन्। उहाँले नै त्यसको उद्धार गरून्, किनकि त्यससँग उहाँ प्रसन्न हुनुहुन्छ।" ९ तैपनि तपाईंले नै मलाई गर्भबाट निकालिल्याउनुभयो। मेरी आमाको काखैबाट तपाईंले मलाई तपाईंमाथि भरोसा राख्ने बनाउनुभयो।

१० मेरो जन्मैदेखि म तपाईंमा अर्पण गरिएँ, मेरी आमाले मलाई जन्म दिएदेखि तपाईं मेरा परमेश्वर हुनुभएको छ। ११ मबाट टाढ़ा नहुनुहोस्, किनकि सङ्कष्ट नजिकै छ, र मलाई गोहार गर्ने कोही छैन। १२ धेरै साँढ़िहरूले मलाई घेरेका छन्, बाशानका बलिया साँढ़हरू मेरो चारैपट्टि छन्। १३ आफ्नो शिकार फहराउने भोकाएका गर्जने सिंहहरू मेरो विरुद्ध आफ्ना मुख बाउँछन्। १४ म त पानीझैं पोखिएको छु, र मेरा सारा हड्डीका जोर्नीहरू फुस्केका छन्। मेरो मुटु मैनजस्तै भइसकेको छ, मेरो छातीभित्र त्यो पग्लेको छ। १५ माटोको खपटोझैं मेरो बल सुकिसकेको छ, र मेरो जिब्रो मेरो तालुमा टाँसिएको छ। तपाईंले मलाई मृत्युको धूलोमा मिलाउनुभएको छ। १६ कुकुरहरू मेरो चारैपट्टि छन्, कुकर्मीहरूको समूहले मलाई घेरेको छ, तिनीहरूले मेरा हात र मेरा खुट्टा छेड़ेका छन्। १७ मेरा सबै हाड़हरू म गन्न सक्छु, मानिसहरू द्वेषसाथ मलाई एकटक लाएर हेर्छन्। १८ तिनीहरू मेरा वस्त्रहरू आपसमा बाँड्छन्, र मेरो पोशाकको निम्ति तिनीहरूले चिट्ठा हाल्छन्।

१९ तर हे परमप्रभु, तपाईंचाहिँ टाढ़ा नहुनुहोस्! हे मेरा बल, छिटो मेरो गुहार गर्नुहोस्! २० मेरो प्राणलाई तरवारबाट, र मेरो अमूल्य ज्यानलाई कुकुरहरूका पन्जाबाट उद्धार गर्नुहोस्। २१ सिंहहरूको मुखबाट मलाई छुटाउनुहोस्, र जङ्गली साँढ़ेका सीङहरूबाट मलाई बचाउनुहोस्। २२ म मेरा भाइहरूका सामुन्ने तपाईंको नाउँ घोषणा गर्नेछु, सभाको बीचमा म तपाईंको प्रशंसा गर्नेछु। २३ परमप्रभुको भय मान्नेहरू जतिले उहाँको प्रशंसा गर।

याकूबका सबै सन्तान हो, उहाँको महिमा गर। हे इस्राएलका सबै सन्तान हो, उहाँको भक्ति गर। २४ किनकि उहाँले पीडितको दुःखलाई तुच्छ ठान्नुभएको छैन, न घृणाको दृष्टिले हेर्नुभएको छ। उहाँले आफ्नो मुहार त्यसबाट लुकाउनुभएको छैन, तर त्यसले सहायताको निम्ति पुकार गर्दा उहाँले सुन्नुभएको छ। २५ ठूलो समुदायमा मेरो प्रशंसाको स्रोत तपाईं नै हुनुहुन्छ, तपाईंको डर राख्नेहरूका सामुन्ने म आफ्नो भाकल पूरा गर्नेछु। २६ गरीबहरू खाएर तृप्त हुनेछन्, परमप्रभुको खोजी गर्नेहरूले उहाँको प्रशंसा गर्नेछन्। तिमीहरूका हृदय सदा जीवित रहून्! २७ समस्त पृथ्वीका सबै जातिहरूले स्मरण गर्नेछन्, र परमप्रभुतिर फर्कनेछन्। जाति-जातिका सबै परिवारहरूले उहाँलाई दण्डवत् गर्नेछन्। २८ किनभने राज्य त परमप्रभुकै हो, र सबै जातिहरूमाथि उहाँले नै शासन गर्नुहुन्छ। २९ पृथ्वीका सबै धनीहरूले भोज गर्नेछन्, आराधना गर्नेछन्, जस-जसले आफ्नो प्राण बचाउन सक्दैनन्, जो धूलोमा मिलिजानेछन्, ती सबै उहाँको सामुन्ने घोप्टो पर्नेछन्। ३० भावी सन्तानले उहाँको सेवा गर्नेछन्, भावी पुस्तालाई परमप्रभुको बारेमा बताइनेछ। ३१ अहिलेसम्म जन्म नभएको एउटा जातिलाई तिनीहरूले उहाँको धार्मिकताको घोषणा गर्नेछन्– किनकि उहाँले यो गर्नुभएको छ।" र भजन ११८:२२,२३" २२ जुन ढुङ्गालाई भवन निर्माण गर्नेहरूले रद्द गरे त्यहीचाहिँ कुनाको शिर-ढुङ्गो बन्यो, २३ यो परमप्रभुबाट भएको हो, अनि हाम्रो दृष्टिमा आश्चर्यमय छ।"

कष्ट, पीडा र बेदनामा पर्नुभएको मसीहलाई परमेश्वरले नै त्यागनुभएको शोकित भावनालाई धेरै भजनहरूमा व्यक्त गरिएको छ (भजन ४२, ८८,१०२ आदि)। भजन २२ले मसीहको बारेमा सिधै भविष्यवाणी गरेको पाइन्छ। त्यहाँ उल्लेख गरिएका भविष्यवाणीको विस्तृत विवरण ऐतिहासिक रूपमा राजा दाउदलाई सम्बोधन गर्न सकिन्न, तर येशूको दुःख र मृत्युको परिस्थितिलाई सटिक रूपमा प्रस्तुत गरिएको छ। क्रूमा नै येशूले भजन २२:१ उच्चारण गर्नुभएर प्रार्थना गर्नुभएको थियो (मत्ती २७:४६)। ख्रीष्ट र परमेश्वर पितासँगको

भएको अतुलनीय सम्बन्धमा बिछोड हुँदा येशूको दिमागमा आतङ्क छाएको थियो। संसारको पापको भारिले उहाँलाई थिचिएको थियो र आफू परमेश्वरसँग एक भएर पनि छुटिनुपर्ने (यूहन्ना १:१,२, यूहन्ना १०:३०) उहाँको निम्ति दर्दनायक थियो। यद्यपि, वर्णन नै गर्न नसकिने पीडामा पनि परमेश्वर पिता र उहाँको पुत्रको बिचमा रहेको गहिरो बन्धन चुँडाल्न सकेको थिएन। मानवीय भावनामा आफूलाई पिताले छोड्नुभएको भन्ने पीडादायी समयमा पनि उहाँले आफूलाई बिनाशर्त पितालाई सुम्पन्नुभएको थियो। "हाम्रो बदलीमा मर्नुहुने येशूमा हाम्रा सबै पापका जमानत राखिएको थियो। उहाँ नै आज्ञा उलङ्घन गर्नेमा गनिनु भएको थियो। त्यो अन्याय पीडा उहाँले सहनु भयो ताकि व्यवस्थाले दोषी ठऱ्याइएका हामीलाई मुक्ति दिन सकून्। आदमको प्रत्येक बंशको दोष उहाँको हृदयमा बोकाएर उहाँ पापको दवावमा पर्नुभएको थियो। पापप्रति परमेश्वरको क्रोध र दुष्ट र खराब तत्त्वले गुटुमुटिएको मानिस जातिप्रति उहाँको असन्तुष्टि र अप्रशन्नताले जाकिएको येशूको हृदय भयभित भएर क्रूसमा उहाँले चित्कार गर्नुभएको थियो।" एलेन जी. ह्वाइट, *द डिजाएर अभ एजेज्,* पृ. ७५३।

निरिह र हानी नगर्ने किरा हुनुभएको येशूलाई बलियो साँढे, गर्ज्रिने सिँहहरू र कुकुरहरूले आक्रमण गरेको चित्रणले उहाँको अन्तिम क्षणहरूमा उहाँमाथि गरिएको मानिसहरूको क्रुरता र शत्रुतालाई चित्रण गर्दछ। येशूप्रति खनिएका मानिसहरूका विषालु बोली र उहाँलाई गरिएको गिल्ला भजन २२मा लेखिएको ठिक ठिकसँग पूरा भएको छ। परमेश्वर पितालाई व्यक्त गरेको उहाँका शब्दहरू पनि त्यही भजनसँग मिल्दछ (भजन २२:१,८, मत्ती २७:४३)। अझ सिपाहीँहरूले येशूको वस्त्रलाई भाग लगाएको पनि भजन २२:१८सँग ठ्याक्कै मिल्दछ (मत्ती २७:४३)। तिनीहरूले कुल्चेर दवाउन वा क्रश गर्न गर्न खोजेको किरा वा फालिएको ढुङ्गा मन्दिरको शिर ढुँङ्गा पो रहेछ भनेर आक्रोशित भिँडले अलिकति पनि महसुस गरेको थिएन। त्यो ढुङ्गो मन्दिरको जग नै थियो (अर्थात् मन मन्दिरको जग) (भजन ११८:२२)।

तर, बहिष्कृत र तिरस्कृत गरिएको मसीह जब मृत्युबाट पुनरुत्थान हुनुभयो (मत्ती २१:४२, प्रेरित ४:१०-१२) तब परमेश्वरका जनहरूका निम्ति मुक्तिको स्रोत हुनुभएको थियो। मानव जगत्को बहिष्कारले गर्दा येशूले पीडा भोग्नुभएको थियो तर उहाँलाई मुख्य कुनाको जीवित ढुङ्गा बनाउनु भएर परमेश्वरले उहाँको ठूलो सम्मान गर्नुभएको थियो। उहाँ आत्मिक मन्दिरको

जगको कुनाको मुख्य ढुङ्गा हुनुभएको थियो (एफिसी २:२०-२२, १ पत्रुस २:२-४)। जसले यस शिर ढुङ्गालाई बहिष्कार गर्छ वा परमेश्वरले उपलब्ध गराउनुभएको मुक्तिलाई अस्वीकार गर्दछ त्यसको निम्ति त्यो ढुङ्गा न्यायको माध्यम हुनेछ (यशैया ८:१४, मत्ती २१:४४)।

*हामीले गरेको प्रत्येक पाप वा गलत कामको निम्ति येशूले क्रूसमा मोल तिर्नुभएको थियो। हाम्रो निम्ति उहाँ कष्ट पाउनुभएको तथ्यले हाम्रो अहिलेको जीवनलाई कसरी प्रभावित पार्नुपर्दछ। त्यसले गर्दा पाप हाम्रो निम्ति किन अवान्छित वा वाक्क लाग्दो हुनुपर्दछ?*

## ३. उहाँको करारप्रति उहाँ सदा सदा विश्वासिलो हुनुहुन्छ

दाउदसँग गरिएको करार के हो र त्यसमा के खतरा उत्पन्नभएको छ? हेर्नुहोस् भजन ८९:२७-३२ " २७ म त्यसलाई मेरो जेठो पनि तुल्याउनेछु, पृथ्वीका राजाहरूमा सबैभन्दा उच्च। २८ म मेरो करुणा त्यसको निम्ति सदासर्वदा राख्नेछु, र त्यससँगको मेरो करार कहिल्यै विफल हुनेछैन। २९ त्यसको वंशलाई म सदाको लागि स्थापना गर्नेछु, र त्यसको सिंहासन आकाशको अस्तित्व रहेसम्म राख्नेछु। ३० “यदि त्यसका सन्तानले मेरो व्यवस्था त्यागे भने, र मेरा कानूनहरूमा चलेनन् भने, ३१ यदि तिनीहरूले मेरा विधिहरू भङ्ग गरे भने, र मेरा आज्ञाहरू मानेनन् भने, ३२ म तिनीहरूका पापको सजाय छड़ीले, र तिनीहरूका अधर्मको सजाय कोर्राले दिनेछु।... ३८ तर तपाईंले आफ्ना अभिषिक्तलाई त्याग्नुभएको छ, र तुच्छ ठान्नुभएको छ, र तिनीसँग तपाईं रिसाउनुभएको छ। ३९ तपाईंले आफ्नो दाससँगको करार तोड्नुभएको छ, तपाईंले उनको मुकुट धूलोमा मिलाएर अशुद्ध तुल्याउनुभएको छ। ४० तपाईंले उनका सबै पर्खालहरू भत्काइदिनुभएको छ, र उनका किल्लाहरू नष्ट पारिदिनुभएको छ। ४१ त्यहाँबाट भएर जाने सबैले तिनलाई लुटेका छन्, तिनी आफ्ना छिमेकीहरूका निम्ति हेलाको पात्र भएका छन्। ४२ तपाईंले उनका शत्रुहरूका दाहिने हात उच्च पार्नुभएको छ, तपाईंले उनका सबै शत्रुहरूलाई उल्लसित तुल्याउनुभएको छ। ४३ तपाईंले उनका तरवारको धार बोधो तुल्याउनुभएको छ, र लड़ाइँमा उनलाई सहयोग दिनुभएको छैन। ४४ तपाईंले तिनको गौरव समाप्त गरिदिनुभएको छ, र तिनका सिंहासन जमिनमा फालिदिनुभएको छ। ४५ उनको जवानीका दिन तपाईंले घटाइदिनुभएको छ, तपाईंले उनलाई शर्मको ओढ्नेले ढाकिदिनुभएको छ। ४६ कहिलेसम्म

**परमप्रभु? के आफैलाई सदाकाल लुकाइराख्नुहुन्छ? तपाईंको क्रोध कहिलेसम्म आगोझैं दन्किरहन्छ?" र भजन १३२:१०-१२ "१० तपाईंका दास दाऊदको खातिर तपाईंका अभिषिक्तलाई इन्कार नगर्नुहोस्। ११ परमप्रभुले दाऊदसँग एउटा गम्भीर शपथ हाल्नुभयो, जसबाट उहाँ तर्किनुहुन्नः "म तिम्रो सिंहासनमा तिम्रा छोराहरूमध्ये एक जनालाई बसाल्नेछु। १२ यदि तिम्रा छोराहरूले मेरो करार, र मैले तिनीहरूलाई सिकाएका मेरा कानूनहरू पालन गरे भने, तिनीहरूका छोराहरू पनि सदाको निम्ति तिम्रो सिंहासनमा बस्नेछन्।"**

दाउदसँग गरिएको करारमा दाउदको वंशमा परमेश्वरले गर्नुहुने सहयोग र परमेश्वरका जनहरूको सम्मुन्नति समावेश भएको छ (२ शमूएल ७:५, भजन ८९:१-४,१९-३७, भजन १३२:१२-१८)। परमेश्वरले नै गम्भीर शपथ खानुभएर त्यो करारको स्थायित्व कायम गर्नुभएको थियो। तर त्यसको कार्यान्वयन परमेश्वरप्रति राजाको बफादार भइरहनुपर्नेमा थियो। तर राजाहरूमा दाउदसमेत परमेश्वरप्रति सधैं बफादारी थिएन। दाउदसँग गरिएको महिमित वा शानदार प्रतिज्ञाहरू गुमेको कठोर वास्तविकताको बिलौना भजन ८९ले आभास दिन्छ। तर के परमेश्वरले इस्राएललाई आशाविहिन छोडेर त्याग्नुभएको हो त? त्यसको जवाफमा "अहँ।"

परमेश्वरले गर्नुभएको न्यायमा उहाँको क्रोध बज्रिएको त छ (भजन ३८:१, भजन ७४:१)। तर यो क्रोध सधैं रहिरन्न किनभने उहाँले मानिसहरूका पापलाई क्षमा दिन अनन्तको प्रेम छ। जब मानिसहरूले पश्चात्ताप गर्छ तब उहाँले क्षमा दिनुहुन्छ। यद्यपि, परमेश्वरको प्रेम कायमै भएतापनि जब मानिसहरूले गद्दारी गरिरहन्छ भने उहाँ खुशी हुनुहुन्न। आफूहरूले परमेश्वरको अवज्ञा गरेको र आफ्ना पापहरूको गम्भीरताले गर्दा परमेश्वरका जनहरूलाई नै तितो भइरहेको थियो (भजन ८९:३८-४६)। तैपनि परमेश्वरको क्रोधलाई थाम्न नसकेर कहिलेसम्म भनेर तिनीहरूले बिन्ति गर्दछन्। परमेश्वरले आफ्नो अनुग्रहलाई सम्झेर आफ्नो विश्वसनियताप्रति प्रतिवद्धता हुनेछ भन्ने आशा तिनीहरूमा उब्जेको थियो (भजन ८९:४७,५०)। छोटकरीमा भन्नु पर्दा मानिसको पक्षबाट करारको शर्तमा भएका पक्षहरू असफल भएतापनि मसीहको आगमनको परमेश्वरको अपरवर्तनीय प्रतिज्ञामा मानिसहरू भर पर्न सक्छन्। उहाँमा नै इस्राएल र सारा संसारको धार्मिकता र मुक्ति निहित भएको छ। अन्तमा आएर पाप र पापीहरूमाथि परमेश्वरले विजय प्राप्त गर्नुहुनेछ र सदासर्वदाको निम्ति उहाँको राज्य स्थापित भइरहनेछ। तर

यो स्थायित्व मानिसहरूको प्रयास, बल र बुद्धिले होइन तर येशूले गर्दा हुनेछ। आत्मिक रूपमा भन्ने हो भने येशू ख्रीष्ट दाउदको पुत्र हो र मसीह पनि हो (मत्ती १:१, हिब्रू १:८)।" उहाँ अदृश्य परमेश्वरको प्रतिरूप, सारा सृष्टिका ज्येष्ठ हुनुहुन्छ" (कलस्सी १:१५)। भजन ८९:२७लाई संकेत गरेर दाउद येशूको प्रतिक वा परमेश्वरको जेष्ठ सृष्टि भनिएको छ। "म त्यसलाई मेरो जेठो पनि तुल्याउनेछु, पृथ्वीका राजाहरूमा सबैभन्दा उच्च।" भजन ८९:२७।

"जेष्ठ" भनेर संवोदन गर्दा दाउदको मानवीय स्थितिलाई बुझाउँदैन किनकि उनी उनको बाबुआमाका आठौं पुत्र थिए (१ शमूएल १६:१०,११)। येशूमा पनि त्यस्तै हो। यस जेष्ठ भन्ने उपाधीले विशेष सम्मान र अधिकार भएको बुझाउँछ (कलस्सी १:१६,२०-२२)। जब येशू मृत्युबाट बौरी उठ्नुभयो तब उहाँलाई सारा संसारमाथि परमेश्वरले सर्वोच्च राजा बनाउनु भएको थियो (प्रेरित २:३०)।

**कलस्सी १:१५-२२ पढ्नुहोस्। यी पदहरू पढेर येशूको बारेमा हामीलाई के सिकाउँछ र उहाँले हाम्रो निम्ति के गर्नुभयो भनेर सिकाउँछ? यसबाट हामीले के प्रतिज्ञा आफ्नो निम्ति भनेर लिन सक्छौं? हेर्नुहोस्, "१५ उहाँ अदृश्य परमेश्वरको प्रतिरूप, सारा सृष्टिका ज्येष्ठ हुनुहुन्छ, १६ किनकि उहाँमा नै सबै थोक सृष्टि भएका थिए। स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरू, चाहे सिंहासनहरू, चाहे प्रभुत्वहरू, चाहे प्रधानताहरू, चाहे अधिकारहरू, सबै थोक उहाँद्वारै र उहाँकै निम्ति सृजिएका हुन्। १७ उहाँ नै सबै कुराभन्दा अगाडि हुनुहुन्छ, र उहाँमा नै सबै कुरा बाँधिएर रहेका छन्। १८ उहाँ शरीर, अर्थात् मण्डलीका शिर हुनुहुन्छ, उहाँ नै सुरु हुनुहुन्छ, मरेकाहरूबाट जीवित हुनेहरूमा उहाँ ज्येष्ठ हुनुहुन्छ, ताकि प्रत्येक कुरामाथि उहाँ सर्वोच्च होऊन्। १९ किनकि उहाँको आफ्नो सारा पूर्णता ख्रीष्टमा वास गरेकोमा परमेश्वर प्रसन्न हुनुभयो, २० र परमेश्वरले उहाँका क्रूसको रगतद्वारा शान्ति गराएर पृथ्वीको होस् वा स्वर्गको होस्, उहाँद्वारा नै सबै थोकलाई आफूसँग मिलापमा ल्याउनुभयो। २१ बितेका समयमा दुष्ट काम गरेर तिमीहरू बिराना भई आफ्नो मनमा विरोधी भएका थियौ। २२ तर आफ्नो सामुन्ने तिमीहरूलाई पवित्र, निष्खोट र निर्दोष प्रस्तुत गर्न ख्रीष्टका भौतिकको शरीरमा उहाँको मृत्युद्वारा तिमीहरूलाई उहाँले अब मिलापमा ल्याउनुभएको छ।"**

## ४. सनातन राजा जो अधिकार र शक्तिमा कोही प्रतिद्वन्द्वी छैन

येशू खीष्ट राजा वा ब्रम्हाण्डका अधिपति हुनुहुन्छ भनेर देहायका भजनहरूले कसरी स्पष्ट पार्दछ? हेर्नुहोस्, भजन २ "१ जाति -जातिहरू किन षड्यन्त्र रच्छन्, र मानिसहरू किन व्यर्थका जाल रच्छन्? २ परमप्रभु र उहाँका अभिषिक्त जनको विरुद्धमा पृथ्वीका राजाहरू खड़ा हुन्छन्, र शासकहरू आपसमा सल्लाह गर्छन्। ३ तिनीहरू भन्छन्, "हामी उनीहरूका साङ्लाहरू छिनालौं, र उनीहरूका बन्धनहरू फुकाऔं।" ४ स्वर्गमा विराजमान हुनुहुनेचाहिँ हाँस्नुहुन्छ, परमप्रभुले तिनीहरूको उपहास गर्नुहुन्छ। ५ तब आफ्नो क्रोधमा उहाँले तिनीहरूलाई हप्काउनुहुनेछ, र आफ्नो बल्दो कोपमा तिनीहरूलाई यसो भन्दै त्रस्त पार्नुहुनेछः ६ "मैले आफ्नो पवित्र पर्वत सियोनमा मेरो आफ्नो राजालाई नियुक्त गरेको छु।" ७ परमप्रभुको यो आदेश म घोषणा गर्नेछु, उहाँले मलाई भन्नुभयो, 'तिमी मेरा पुत्र हौ, आज मैले तिमीलाई जन्माएको छु। ८ मसँग माग, र म जातिहरूलाई तिम्रो उत्तराधिकार तुल्याइदिनेछु, र समस्त पृथ्वी तिम्रो निजी सम्पत्ति तुल्याइदिनेछु। ९ फलामको राजदण्डले तिमीले तिनीहरूमाथि शासन गर्नेछौ, र कुमालेको भाँड़ालाई झैं तिमीले तिनीहरूलाई चकनाचूर पार्नेछौ।" १० यसकारण हे राजा हो, बुद्धिमान् होओ, पृथ्वीका शासक हो, सावधान! ११ भय मानेर परमप्रभुको सेवा गर, र कम्पनसाथ आनन्द मनाओ। १२ पुत्रलाई चुम्बन गर, नत्रता उहाँ रिसाउनुहुनेछ, र तिमीहरू बाटैमा नष्ट हुनेछौ, किनभने उहाँको कोप चाँड़ै दन्कन्छ। ती सबै धन्य हुन्, जो उहाँको शरण पर्दछन्।", भजन ११० "१ परमप्रभु मेरा परमप्रभुलाई भन्नुहुन्छ, "तिमी मेरो दाहिने हातपट्टि बस, जबसम्म म तिम्रा शत्रुहरूलाई तिम्रा खुट्टाको पाउदान तुल्याउँदिनँ।" २ परमप्रभुले सियोनबाट तपाईंको शक्तिशाली राजदण्डको विस्तार गर्नुहुनेछ, तपाईंका शत्रुहरूमाथि तपाईंले शासन गर्नुहुनेछ। ३ तपाईंका युद्धको दिनमा तपाईंका प्रजाले स्वेच्छासाथ आफू-आफूलाई दिइहाल्नेछन्। तपाईं पवित्रताको वैभवमा सुशोभित भई, प्रभातको गर्भबाट तपाईंका जवानहरूको ओसलाई तपाईंले प्राप्त गर्नुहुनेछ। ४ परमप्रभुले शपथ खानुभएको छ, र आफ्नो मन बदल्नुहुनेछैन, "मल्कीसेदेकको दर्जाबमोजिम तिमी सधैंभरिको निम्ति पूजाहारी हौ।" ५ परमप्रभु तपाईंको दाहिने हाततर्फ हुनुहुन्छ, उहाँले आफ्नो क्रोधको दिनमा राजाहरूलाई चकनाचुर गर्नुहुनेछ। ६ उहाँले लाशको थुप्रो लगाएर जाति-जातिहरूको न्याय गर्नुहुनेछ, अनि सारा पृथ्वीका शासकहरूलाई चकनाचूर पार्नुहुनेछ। ७ उहाँले बाटोका छेउको खोलाको पानी पिउनुहुनेछ, त्यसकारण उहाँले आफ्नो शिर उच्च

**पार्नुहुनेछ।", भजन ८९:४, १३-१७ "४ 'म तिम्रा सन्तानलाई सदाको निम्ति स्थापना गर्नेछु, र तिम्रो सिंहासन सारा पुस्तासम्म स्थिर बनाउनेछु'।...तपाईंको बाहु शक्तिशाली छ, तपाईंको हात बलियो छ, र तपाईंको दाहिने बाहुली उच्च पारिएको छ। १४ धार्मिकता र न्याय तपाईंको सिंहासनका जग हुन्, प्रेम र विश्वस्तता तपाईंको अगि जान्छन्। १५ ती मानिसहरू धन्य हुन्, जसले तपाईंको प्रशंसा गर्न सिकेका छन्, जुनहरू, हे परमप्रभु, तपाईंका प्रकाशको उपस्थितिमा हिँड्छन्। १६ तिनीहरू दिनभरि तपाईंको नाउँमा रमाउँछन्, र तिनीहरू तपाईंकै धार्मिकतामा आनन्दले मग्न हुन्छन्। १७ किनकि तपाईं नै तिनीहरूको महिमा र शक्ति हुनुहुन्छ, र तपाईंकै निगाहले हाम्रो सीङ ठाडो पारिदिनुभएको छ।"**

परमेश्वर मसीहका पिता भनेर गरेको चित्रणले राजाको राज्यारोहणलाई औँल्याउँछ। त्यसबेला राजा परमेश्वरको करारमा समावेश भएका थिए (भजन २:७, भजन ८९:२६-२८)। ख्रीष्टको पुनरुत्थान र उचाइमा राखिएको विवरणले नयाँ अनन्तको करारको सुरु र ख्रीष्टको राजकीय पुजारीपनको अवधारणालाई भजन २:७ औँल्याउँछ (प्रेरित १३:३३-३९, हिब्रू १:५, हिब्रू ५:५)। परमेश्वरको दाहिने हातमा बस्नुभएको मसीहको चित्रणले उहाँलाई दिइएको सर्वोच्च सम्मान र अधिकारलाई औँल्याउँछ (भजन ११०:१, प्रेरित ७:५५,५६)। "अझ प्रभु र अभिषेक गरिएका शब्दहरूले दाउदको बंशबाट आउने मसीहलाई औँल्याउँछ, जो प्रभु आफै हुनुहुन्छ। जो व्यक्ति परमेश्वरको दाहिने हातमा बस्नुहुने प्रभु हुनुहुन्छ भने उहाँ मसीह नै हुनुहुन्छ। मसीह पनि दाहिने हातमा बस्नु भएको भनेर देखाउँछ (भजन ११०:१,५)।" जाक डोखान, *अन द वे टु इम्मायुस* (क्लार्कस्भिल, मेरिलाण्ड, लिडरस्, २०१२), पृ. २६,२७। अन्तमा आएर आफ्ना शत्रुहरूमाथि ख्रीष्टको पूर्ण बिजय हुनेछ। शत्रुहरूलाई पाऊदानमा राख्ने भन्ने चित्रणले पौराणिक मध्यपूर्वका राजाहरूले आफ्ना शत्रुहरूको घाँटीमा आफ्ना पाऊहरू राख्न जनाउँछ अर्थात् तिनीहरूमाथि पूर्ण अधिकार भएको देखाउँछ। तैपनि, ख्रीष्टको छडीले शत्रुहरूलाई आतङ्कित बनाउने होइन (भजन २:९, भजन ११०:२)।

छडी भन्नुको अर्थ जातिहरूका अगुवाले बोक्ने लट्ठी हो। यसले त्यस जातिको अगुवा भनेर चिनाउँदथ्यो (गन्ती १७:२-१०)। ख्रीष्टको छडी वा राजदण्ड सियोनबाट आउँछ किनभने उहाँ सियोनका मानिसहरूको प्रतिनिधित्व गर्नुहुन्छ। उहाँले बोक्नुहुने राजदण्डले उहाँ ईश्वरीय न्यायकर्ता हुनहुन्छ भनेर

देखाउँछ। सारा खराब, दुष्ट र सैतानका फौजलाई अन्त्य गरेर येशूले राज गर्नुहुनेछ र उहाँसँग प्रतिस्पर्धा गर्ने त्यसबेला कोही हुनेछैन (प्रकाश २:२७, प्रकाश १२:५)। दुष्ट र क्रुर राजाहरूलाई पनि पश्चाताप गर्ने अवसर दिइएको हुन्छ ताकि तिनीहरूले मसीहमा आफूहरूलाई अर्पित गरून् (भजन २:१०-१२)।

येशूको आखिरी विजयको ज्वलन्त चित्रण दानिएल ७मा येशूको दोस्रो आगमन हुनुभन्दा अघि दृश्यमा देखाइएको छ। यहाँ उच्च परमेश्वरका जनहरूको पक्षमा न्याय गरिएको देखाइएको छ (दानिएल ७:२२)। उहाँको राज्यको स्थापना हुन्छ र त्यो राज्य अनन्तको हुनेछ (दानिएल ७:२७)। क्रूसले गर्दा परमेश्वरको राज्य निश्चित भएको छ। राजालाई विश्वास गर्ने सबैलाई आशिष दिने प्रतिज्ञा गरिएको छ। मसीहको सार्वभौमसत्ताले गर्दा उहाँका जनहरू आनन्दित हुनेछन् र धर्मीहरूले राज्य गर्नेछन् (भजन २:१२, भजन ८९:१५-१७)।

***अहिले दुष्ट, खराब र आतङ्ककारी तत्त्वहरूको बिगिबिगी छ तर एक दिन तिनीहरूको अन्त्य हुनेछ र तिनीहरूको न्याय गरिनेछ साथै पीडा र कष्टहरू बिलाएर जानेछ भन्ने आत्मज्ञान हुनु कतिको हलुको र रमाइलो छ? अहिले मानिसहरूको दृष्टिकोणले खराब तत्त्वको फलिफाप भएको देखिएतापनि एक दिन असलले खराबमाथि बिजय पाउनेछ भन्ने सत्य ज्ञानले हामीलाई कस्तो सान्त्वना दिनुपर्दछ?***

## ५. मल्कीशेदकको दर्जा अनुसार अनन्तको पुजारी

येशू ख्रीष्टको पुजारीपन विशेष हो। उहाँ स्वर्गको पवित्र मन्दिरमा हाम्रो निम्ति पहल गरिरहनुभएको छ। त्यस आत्मज्ञानले हामीलाई कस्तो महान् आशा दिन्छ? हेर्नुहोस्, भजन ११०:४-७ "४ परमप्रभुले शपथ खानुभएको छ, र आफ्नो मन बदल्नुहुनेछैन, "मल्कीसेदेकको दर्जाबमोजिम तिमी सधैँभरिको निम्ति पूजाहारी हौ।" ५ परमप्रभु तपाईंको दाहिने हाततर्फ हुनुहुन्छ, उहाँले आफ्नो धको दिनमा राजाहरूलाई चकनाचुर गर्नुहुनेछ। ६ उहाँले लाशको थुप्रो लगाएर जाति-जातिहरूको न्याय गर्नुहुनेछ, अनि सारा पृथ्वीका शासकहरूलाई चकनाचूर पार्नुहुनेछ। ७ उहाँले बाटोका छेउको खोलाको पानी पिउनुहुनेछ, त्यसकारण उहाँले आफ्नो शिर उच्च पार्नुहुनेछ।"

मसीहको अनन्तको राज्यधिकारको बारेमा परमेश्वरलाई थाहा छ र उहाँको पुजारीत्व सर्वोच्च तहको छ। उहाँ मेल्कीशेदकको दर्जा अनुसार पुजारी हुनुभएको छ (भजन ११०:४-७)। यस मामिलालाई परमेश्वरले गम्भीर बाचाबाट लोलमोहर लगाउनुभएको छ (हिब्रू ६:१८)। उहाँले गर्नुभएको बाचाले उहाँ अनुग्रही हुनुभएकोले र हामीलाई सिद्ध पुजारी दिनुभएकोले उहाँ नरमपन्थीमा लाग्नुभएको छ भन्ने अवधारणामा हामी रहनुहुन्न। मानिसहरूका पापहरू, अधर्म, विद्रोह र खराब आचरण परमेश्वरको अगाडि निरन्तर रूपमा देखा परिरहेको हुन्छ र आफ्ना जनहरूलाई त्याग्नुपर्ने स्थितिमा उहाँ रहनुहुन्छ। तर परमेश्वरले गर्नुभएको बाचा परिवर्तन हुँदैन र पश्चात्ताप गर्नेहरूमाथि न्याय नगर्ने उहाँको अनुग्रहले ग्यारेन्टी दिन्छ (प्रस्थान ३२:१४, भजन १०६:४५)।

परमेश्वरले गर्नुभएको बाचामा दाउदसँग गरिएको आदर्श तत्त्व समावेश भएको छ, त्यो हो मसीह राजा हाम्रो निम्ति पुजारी पनि हुनुहुन्छ (भजन ११०:४)। इस्राएलका राजाहरू कहिल्यै पनि लेबीहरूले गर्ने पुजाहारी काम गर्न सक्दैन (गन्ती ८:१९, २ इतिहास २६:१६-२१)। जब मानिसहरू र राजाहरूले बलि ल्याउँथे तब ती बलिहरू पुजारीहरूलाई नै सुम्पिन्थे र तिनीहरूको निम्ति पुजारीहरूले बलि दिन्थे। भजन ११०मा मसीह राजा इस्राएलका अरू राजा र पूजारीहरूभन्दा फरक भएको उल्लेख गरिएको छ।

ख्रीष्टको सनातन पुजारी मल्कीसेजेदेकको दर्जा अनुसार थामिएको हो। उनी सालेमका राजा थिए र सर्वोच्च परमेश्वरका पुजारी थिए (उत्पत्ति १४:१८-२०)। राजा दाउद र कुनै पनि राजा मेल्कीसेजेदेकको दर्जा अनुसार पुजारी थिए भनेर भजन ११०मा बाहेक पुरानो करारमा कहींपनि उल्लेख गरिएको छैन। त्यसकारण, भजनमा राजा-पुरोहित भनेर उल्लेख गर्दा इस्राएलको इतिहासमा एकदम भिन्न व्यक्तिको बारेमा बोलेको ठान्नुपर्दछ।

**हिब्रू ७:१५-२८ पढ्नुहोस्। येशूको पुजारीपनमा भएको सर्वश्रेष्ठताका अर्थहरू के हो? हेर्नुहोस्, "१५ यदि मल्कीसेदेकजस्तै अर्को पूजाहारी खड़ा हुने हो भनेता यो कुरा अझ बढ़ी प्रष्ट हुन्छ, १६ जो पुख्र्यौलीसम्बन्धी नियमको आधारमा होइन, तर अविनाशी जीवनका शक्तिको आधारमा पूजाहारी बनेका छन्। १७ किनकि उहाँको गवाही यो छ, "मल्कीसेदेकको दर्जाबमोजिम तिमी सधैंभरिको निम्ति पूजाहारी हौ।" १८ किनभने त्यो पहिलो आज्ञाचाहिँ कमजोर र बेकामको भएको हुनाले खारेज भएको छ, १९ (किनकि व्यवस्थाले केही कुरा**

सिद्ध तुल्याएन) र त्यसभन्दा अझ उत्तम आशा दिइएको छ, जसद्वारा हामी परमेश्वरको नजिक पुग्छौं। २० अनि योचाहिँ विनाशपथ भएको होइन। २१ अघि पूजाहारी हुनेहरूले त साँच्ची नै विनाशपथ पूजाहारीको पद लिएका थिए, तर उहाँचाहिँ शपथसहित पूजाहारी बन्नुभयो, र उहाँको विषयमा परमेश्वर भन्नुहुन्छ, "परमप्रभुले शपथ हाल्नुभएको छ, र आफ्नो मन बदल्नुहुनेछैन, 'तिमी सधैँभरिको निम्ति पूजाहारी हौ'।" २२ यसैले येशूलाई उत्तम करारको जमानत बनाउँदछ। २३ अघिका पूजाहारीहरू धेरै संख्यामा थिए, किनकि मृत्युले तिनीहरूलाई कार्यमा लागिरहन दिँदैनथ्यो। २४ तर येशूचाहिँ अनन्त हुनुभएकोले उहाँको पूजाहारी पद अटल रहन्छ। २५ फलस्वरूप उहाँद्वारा परमेश्वरको नजिक आउनेहरूलाई उहाँले सदैव उद्धार गर्न सक्नुहुन्छ। किनभने तिनीहरूका निम्ति मध्यस्थताको प्रार्थना चढ़ाउन उहाँ सदैव जीवित रहनुहुन्छ। २६ किनकि यो उचित थियो कि हाम्रा लागि यस्ता एक जना प्रधान पूजाहारी हुनुपर्दछ, जो पवित्र, दोषरहित, निष्कलङ्क, पापीहरूबाट अलग र स्वर्गभन्दा पनि माथि उचालिएका हुनुहुन्छ। २७ अरू प्रधान पूजाहारीहरूले जस्तै पहिले आफ्नै पापको निम्ति र त्यसपछि मानिसहरूका पापको निम्ति उहाँले दिनहुँ बलिदान चढ़ाइरहनुपर्दैन। आफैलाई अर्पण गरेर उहाँले यो काम सधैंको निम्ति एकै पल्टमा पूरा गरिदिनुभयो। २८ किनकि व्यवस्थाले दूर्बल मानिसहरूलाई प्रधान पूजाहारी नियुक्त गर्छ, तर सदासर्वदाको निम्ति सिद्ध तुल्याइनुभएको परमेश्वरका पुत्रलाई व्यवस्थाभन्दा पछि आएको शपथको वचनले नियुक्त गर्छ।"

खीष्ट ईश्वरीय राजा र सनातन पुजारी हुनुभएकोले उहाँ अरू पुजारी र राजाहरूभन्दा अद्वितिय, असाधारण र अतुलनीय हुनुहुन्छ। त्यसकारण, उहाँमा हामी आशा र भरोसा राख्न सक्छौं। परमेश्वरले शपथ खानुभएको अनुसार येशूले श्रेष्ठ करारलाई उच्च स्तरमा थाम्नुहुन्छ। उहाँ मानवीय प्रतिज्ञाहरूमा बाँधिनुभएको छैन। स्वर्गमा रहेको पवित्र मन्दिरमा उहाँले सेवाकार्य गर्नुहुन्छ। पाप वा मृत्युले उहाँको पुजारीपनलाई असर पार्दैन। मानवीय पुजारीहरू पापी हुन् र तिनीहरूले आफ्नै पापको निम्ति पनि बलि चढाउनुपर्दछ। तर येशू पापरहित हुनुभएकोले उहाँले उहाँका जनहरूको निम्ति पहल गर्न सक्नुहुन्छ र तिनीहरूलाई उद्धार गर्न सक्नुहुन्छ। सिद्ध र करुणामय पुजारी हुनुभएको खीष्टको पुनर्मिलन कार्यले उहाँका जनहरू परमेश्वरको सामु सदासदा रहनेछन् भन्ने आश्वासन प्रदान गरिएको छ (हिब्रू ६:१९,२०)। उहाँ परमेश्वरसँग गाँसिनुभएकोले हामी पनि गाँसिन सक्छौं भन्ने आशा हामीलाई दिइएको छ।

ख्रीष्टको शाही पुजारीय कदमले खराब र दुष्टालाई निवारण गर्दछ। मानिसहरूको हृदयमा मात्र होइन संसारमै उहाँले पापलाई निर्मुल पार्न सक्नुहुन्छ। उहाँले भजन २को प्रतिज्ञा पालन गर्नुहुनेछ। प्रत्येक राष्ट्र र शासक ख्रीष्टको शाही न्यायको मुनि आउनेछ (भजन २:६-९, भजन ११०:१,२,५)। यदि हामी आज्ञाकारी भयौं र उहाँमाथि भरोसा राख्यौं भने उहाँ अचम्मको शाही पुजारी हुनुभएकोले उहाँले हामीमाथि पूर्ण रूपमा दावी गर्न सक्नुहुन्छ।

**उपसंहार:**

**थप जानकारी: एलेन जी० ह्वाइटको *द डिजाएर अभ एजेज*को पृ० १९-२६को "गड विथ अस।"**

**भजनसङ्ग्रहमा ख्रीष्टका** प्रार्थना र उहाँको बारेमा उल्लेख गरिएका प्रार्थनाहरूले ती भजनहरूमा येशूको विशेष मानवीयता व्यक्तित्वलाई प्रकट गरिएको छ। उहाँ परमेश्वर हामीसँग रहनुभएकोले (मत्ती १:२३) हामीलाई मुक्ति दिने सेवाकार्यको बारेमा पनि तिनीहरूमा उल्लेख गरिका छन्। जब हामी प्रार्थनाद्वारा सङ्घर्ष गर्छौं र दु:खकष्ट पाउँछौं त्यसबेला येशू हामीसँग रहनुभएको परमेश्वर हुनुहुन्छ। अन्यायमा परेको बेलामा न्याय र उद्धारको निम्ति चित्कार गर्दा उहाँ त्यही परमेश्वर हुनुहुन्छ जो हामीसँग रहनुहुन्छ। हामी हताश, निराश र सबैले त्यागेको भन्ने आभास पाएको बेलामा पनि परमेश्वर हामीसँग हुनुभएको येशू हाम्रो साथमा हुनुहुन्छ। त्यस आततायी परिस्थितिमा हामीसँग भएको विश्वास र निष्ठालाई संचय गरेर विजयी जीवन बिताउन उहाँले अगुवाइ गर्नुहुन्छ। पापको अनन्त विध्वंसबाट हामीलाई बचाउन उहाँ हाम्रो निम्ति सनातन पुजारी र राजा हुनुभएको छ। सिद्ध दाउद राजा येशू हुनुभएकोले हाम्रो मुक्तिको निम्ति परमेश्वरले दिनुभएको सबै गम्भीर प्रतिज्ञाहरू पूरा हुन्छ (२ कोरन्थी १:२०)।

आत्मिक चक्षुले प्रेरित भएर एलेन जी० ह्वाइटले ईश्वरीय येशू मानवतासँग एकता भएको यसरी वर्णन गर्नुहुन्छ: "मानवताको रूप धारण गर्नुभएर येशूले आफूलाई मानवतासँग परिचित गराउनुभयो। उहाँ ईश्वर हुनुभएकोले उहाँले परमेश्वरको सिंहासनलाई पक्रनु हुन्छ। मानिसको पुत्र हुनुभएर हामी आज्ञाकारी जीवन कसरी बिताउने भनेर उदाहरणद्वारा देखाउनुभयो। उहाँ परमेश्वरको पुत्र हुनुभएकोले परमेश्वरको आज्ञाहरू पालन गर्न उहाँले शक्ति दिनुहुन्छ। होरेबको पहाडमा मोशालाई "म हुँ जो म हुँ" बोल्नुहुने येशू नै हुनुहुन्थ्यो। 'यसरी इस्राएली जनहरूलाई यही भन्नु, 'म हुँ' भन्नेले तिमीहरूको माझमा मलाई पठाउनुभएको हो' प्रस्थान ३:१४। इस्राएलीहरूलाई उद्धार गर्ने प्रतिवद्धता त्यही थियो। जब उहाँ मानिसको अवतार लिएर आउनु भयो तब उहाँले 'मै हुँ' भनेर घोषणा गर्नुभएको थियो।

बेथलेहमको बालक जो नम्र र झुकिनुभएको मुक्तिदाता हुनुहुन्थ्यो उहाँ नै परमेश्वर भौतिक शरीरमा प्रकट गर्नुभएको थियो। १ तिमोथी ३:१६ । अनि हामीलाई उहाँले भन्नुहुन्छ, 'असल गोठालो मै हुँ ।' 'म जीवित रोटी हुँ ।' 'बाटो, सत्य र जीवन मै हुँ ।' 'स्वर्ग र पृथ्वीका सारा शक्ति वा अधिकार मलाई नै सुम्पिएको छ ।' यूहन्ना १०:११; ६:५१; १४:६; मत्ती २८:१८ । प्रत्येक प्रतिज्ञा वा बाचालाई आश्वस्त बनाउने मै हुँ । मै हुँ; नडराउनु। "-*द डिजाएर अभ एजेज्*, पृ० २४,२५ ।

**चिन्तनमनन:**

अ. मानिसहरूले जतिसुकै गद्दारी वा विश्वासघात गरेतापनि परमेश्वरले आफ्नो करारप्रति कसरी अटल रहनुभएको थियो भनेर प्रदर्शन गर्नुभएको के तपाईंलाई थाहा छ? आजका सङ्घर्ष गरिरहेका परमेश्वरका छोराछोरीहरूलाई त्यसले कसरी आश्वासन दिन्छ?

आ. मेल्किजेडेकको दर्जा अनुसार ख्रीष्टको सर्वोच्च पुजारीले परमेश्वरका जनहरूलाई मुक्ति दिइने छ भन्ने निश्चयतामा हामी कसरी ढुक्क हुन सक्छौं?

इ. भजनसङ्ग्रहमा भविष्यवाणी गरेका मसीहका बारेमा धेरै भविष्यवाणीहरू पूरा भएको सुसमाचारका पुस्तकहरूले देखाएका छन्। परमेश्वरको वचनको सत्यतालाई कसरी प्रमाण गर्दछ? कुनै पनि मानिसको बहकावमा लागेर भावनात्मक विश्वासको आधारमा परमेश्वरको वचनप्रति हाम्रो भरोसा र निष्ठालाई किन हल्लाउन दिनु हुन्न?

ई. "स्वर्ग र पृथ्वीका सबै शक्ति र अधिकार मलाई दिइएको छ" (मत्ती २८:१८) भन्ने येशूको अभिव्यक्तिले हामीलाई कस्तो महान् आशा र आश्वासन दिलाएको छ? हाम्रो जीवनकै अनुभवमा त्यो प्रतिज्ञालाई हामीले कसरी कार्यान्वयन गर्ने?

# कथा ९

# त्यस दिनको निम्ति पर्खिरहेको छु

## सुकुमाया (नेपाल)



आफ्नो छोरो सुकुमायाको निम्ति आनन्दको स्रोत थियो। १६ वर्षकी सुकुमाया बिवाह गरेको एक वर्षमै श्याम जन्मेको थियो। सुकुमाया नेपालमा रहन्छिन्। तर जब श्याम ८ महिनाको मात्रै थियो उसलाई पखाला लागेर सिकिस्त बिरामी भयो। झाक्रीलाई बोलाउन उनले आफ्नो श्रीमानसँग अनुरोध गरिन्। दुर्गम पहाडको गाउँमा न त डाक्टर नै थियो न त अस्पताल नै। जब कोही बिरामी भयो भने मानिसहरूले झाँक्रीलाई बोलाउँथे।

झाँक्रीले बालकलाई हेरेर केही मन्त्र गरेर भने, "दुष्ट आत्माले गर्दा तिमीहरूको छोरो बिरामी भएको छ। दुष्ट आत्मा तिमीहरूको परिवारसँग रिसाएको छ। दुष्ट आत्मालाई रिजाउन तिमीहरूले सुङ्गुरको बली दिनुपर्छ।" तर सुङ्गुरको बलि दिन तिनीहरूसँग सुङ्गुर थिएन। जब सुकुमाया र उनको श्रीमान बच्चालाई काखमा लिएर कुरा गर्दै थिए त्यत्तिकैमा बच्चाको मृत्यु भयो।

यसले तिनीहरूलाई ठुलो धक्का भयो। सुकमाया मुर्छा परिन् र तीन दिनसम्म अचेत भइन्। जब उनी बिउँझिन् उनी खान र पिउन मानिनन्। उनी बाँच्न नै चाहिनन्। उनको श्रीमान र छिमेकीहरूले उनलाई उत्साह दिन थाले। तिनीहरूले उनलाई सम्झाए, "तिम्रो अर्को छोरो हुने छ।"

एक वर्षपछि उनले छोरी जन्माइन्। उनले छोरीको नाउँ पनि श्याम नै राखिन्। सुकमाया खुशी थिइन्। अब आफूमा बाँच्ने आधार भएको सम्झिन्। उनी छोरीको निम्ति जिउनुपर्छ भन्ने आवश्यकता देखिन्। तर छोरोको मृत्युपछि उनको श्रीमानले रक्सी पिउन थाले। उनको रक्सी खाने बानीले घरमा आर्थिक समस्या हुन थालेको थियो। तैपनि, सुकमायाले आफ्नी छोरलाई बढो प्यार गरेर हुर्काइन्। जब श्याम २० वर्षकी भइन् तब उसलाई

विवाह गराइदियो। श्यामले त्यही सहरमा बसेको टाढाको आफन्तको छोरासँग विवाह भएको थियो।

जब श्याम गर्भवती भइन् त्यसबेला तिनीहरू ठुलो आपतमा परे। एक रात श्याम सख्ता बिरामी भइन् र उसलाई तुरन्तै डाक्टरकहाँ लग्नुपर्ने भयो। त्यस सहरमा अझै पनि डाक्टर र अस्पताल थिएन। तिनीहरूले बाँसको स्ट्रेचरमा राखेर अर्को सहरमा श्यामलाई बोकेर लगे। गाउँबाट झरेर अर्को सहरमा जान त्यहाँ बाटो थिएन न त कुनै आम्बुलेन्स। तिनीहरूले उनलाई चार घन्टासम्म बोकेर लगे। सहरमा पुगेपछि आम्बुलेन्समा राखेर बिरामीलाई अस्पतालमा दगुऱ्याए। तर बाटैमा उनको मृत्यु भयो।

उसको मृत्युले सुकमायालाई ठुलो आघात भयो। उनी पनि आफ्नै श्रीमानसँग धेरै दिनसम्म रक्सी पाउन थालिन्। तिनीहरूको निम्ति मृत्यु र अन्धकारले घेरेको थियो। आफ्नो छोरीको मलामी ती दम्पत्ति कसैले रोक्न नसक्ने गरेर रोइरहे। मलामीमा आएर तिनीहरूलाई सान्त्वना दिने शुभेच्छुकहरूमा सेभेन्थ-डे एडभेन्टिस्ट पास्टर पनि थिए। उनले त्यस दम्पत्तिको दुई छोराछोरी मरेर तिनीहरू शोकाकुल भएको सुने।

पास्टरले तिनीहरूलाई सान्त्वना र आशा दिन थाले। उनले बाइबल पल्टाएर यूहन्ना ३:१६मा लेखिएको येशूको वचन सुनाए, "परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्नो एक मात्र पुत्रलाई दिनुभयो। जसले उहाँलाई विश्वास गर्छ ऊ नाश हुनेछैन तर अनन्त जीवन पाउनेछ।" यो सुनेर सुकमाया अकमम परिन्। उनले त्यो पद बुझ्न सकेको थिएन। "येशूलाई विश्वास गरेर मानिसले कसरी अजम्मरी जीवन पाउँछ?" भनेर सुकमायाले सोच्न थालिन्। उनको त्यस अकमक देखेर पास्टरले लुका ८:५२ पढे, जहाँ येशूको वचन लेखिएको थियो, "नरोउ। उनी मरेकी छैन तर सुतिरहेकी छिन्।"

त्यस पदले सुकमायालाई सान्त्वना मिल्यो। त्यसको अर्थ उनकी छोरी श्याम सुतिरहेकी छिन् त? सुकमायाले अझै जान्न चाहिन्।

छोरीको दाहसंस्कारको केही दिनपछि पास्टरले पढेका पदहरूको बारेमा अझ व्याख्या गर्न उनलाई सुकमायाले अनुरोध गरिन्। पास्टरले उनलाई बाइबल अध्ययन दिन थाले। बाइबल अध्ययनको समयमा पास्टरले सोधे, "जब येशू आउनुहुँदा तपाईंका छोराछोरीहरूलाई भेट्न चाहनुहुन्छ?" "चाहन्छु" भनेर मुस्कुराएर जवाफ दिइन्। उनले येशूलाई आफ्नो हृदय दिइन्। आज सुकमाया विश्वासिलो एडभेन्टिस्ट भएकी छिन्। आफूले पाएको

आशा श्रीमानलाई सुनाउन खोजिन् तर उनले सुन्ने अस्वीकार गरे। उनको रक्सी खाने बानीले उनको असमायीक मृत्यु भयो।

आज सुकमाया घरमा एक्लै बस्छिन्। तर आफू एक्लो भएको छैन भनेर उनलाई थाहा छ। आफू येशूसँग रहेको भनेर उनले भनिन्। येशू आउनुभएर उनका छोराछोरीलाई पुनरुत्थान गर्नुहुनेछ भन्ने विश्वासले गर्दा उनी खुशी छिन्।

"तिनीहरू मेरा हृदयका छोराछोरीहरू हुन्। तिनीहरूलाई मैले अङ्कमाल गर्नेछु। येशूलाई विश्वास गरेको कारणहरूमा एउटा कारण हो कि मैले एक दिन तिनीहरूलाई भेट्नेछु। त्यस दिनको निम्ति म पर्खिरहेको छु," खुशी भएर सुकमायाले बताइन्

-आन्ड्र्यु मेकचेस्नी